टेम्केमैयुङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## अन्नपूर्ण, भोजपुर १ नं. प्रदेश, नेपाल

## उद्यम विकास सहजकर्ता (EDF) करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मितिः- २०७८/११/२७**

टेम्केमैयुङ गाउँ कार्यपालिकाको मिति २०७८/१०/२६ गतेको निर्णयानुसार यस गाउँपालिकामा सञ्चालन हुदै आएको गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) कार्यान्वयनको लागि आवश्यक उद्यम विकास सहजकर्ता (EDF) पद रिक्त रहेकोले उक्त पदको खुल्ला प्रतियोगितात्मक प्रतिस्पर्धात्मक परिक्षाको माध्यमवाट करार सेवामा लिई पदपूर्ति गर्नुपर्ने भएकोले निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | ०२/२०७८/७९ | उद्यम विकास सहजकर्ता (EDF) | सहायकस्तर चौथो सरह | १(एक) |

१. आवश्यक न्यूनतम योग्यता र अनुभव :-

(क) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि डिप्लोमा कोर्ष उर्तिण गरेको वा

(ख) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदबाट उद्यम विकास सहजकर्ता सीप परिक्षण तह २ वा ३ उत्तिर्ण गरेको, वा

(ग) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् बाट मान्यता प्राप्त उद्यम विकास सहजकर्ता सम्वन्धि प्राविधिक प्रवेशिका परिक्षा (टिएसएलसी) उत्तीर्ण गरेको ।

(घ) उमेर :- कम्तीमा १८ बर्ष पुरा भई ३५ वर्ष ननाघेको / महिलाको हकमा ४० वर्ष ननाघेको ।

(ङ) कम्प्यूटर तालिम लिई आधारभूत कम्प्यूटर सीप भएकोलाई प्राथमिकता ।

२.दरखास्त दिने स्थान :- टेम्केमैयुङ गाउँपालिकाको कार्यालय, अन्नपूर्ण, भोजपुर साथै गाउँपालिकाको नाममा माछापुच्छे बैंक ट्याम्केमैयुम शाखामा रहेको ग-१.१ आन्तरीक राजश्व खाताको खाता नं.०८८००६७५७५५०००३१ मा परिक्षा दस्तुर जम्मा गरि दरखास्त फारम साथ प्रशासन शाखामा पेश गर्नुपर्नेछ ।अन्यथा माग बमोजिमका कागजातका साथ गाउँपालिकाको इमेलः temkemunbhp@gmail.com मार्फत पनि दरखास्त वुझाउन सकिनेछ ।

३. दरखास्त दिने अन्तिम मिति :- २०७८/१२/०३ गते कार्यालय समयभित्र ।

४. आवेदनको दस्तुर :- रु. ५०० (पाँच सय मात्र)

५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूचिमा प्रकाशन, लिखित र अन्तर्वार्ता ।

६. आवेदन साथ संलग्न कागजातहरु :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु

क. नेपाली नागरिकता प्रमाणपत्र ख. शैक्षिक योग्यताका प्रमाणपत्र ग. अनुभव सम्वन्धी कागजात
घ. २ प्रति पासपोर्ट साइजको फोटो

७. सेवा सुविधा :-टेम्केमैयुङ गाउँपालिकाको कार्यालयले तोकिए बमोजिम हुनेछ ।

८. सेवा करार अवधि : २०७९ असार मसान्तसम्म साथै कार्यसम्पादन सन्तोषजनक भएमा म्याद थप गर्नसकिनेछ ।

९.पदले सम्पादित गर्नुपर्ने कार्यबिवरण :- गाउँपालिकाले उपलव्ध गराएको (TOR) बमोजिम हुनेछ ।

नोट :- दरखास्त फारम यस गाउँपालिकाको वेबसाइट www.tyamkemaiyummun.gov.np बाट डाउनलोड गर्न सकिनेछ साथै आवेदनको ढाँचा कार्यविवरण लगायत अन्य जानकारीका लागि कार्यालयको इमेलः temkemunbhp@gmail.com मा सम्पर्क राख्न सकिनेछ ।

....................................

प्रमुख प्रशासकीय अधिकृत